# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 12.02.2025**

**सि एम**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले हिजो नयाँ दिल्लीमा केन्द्रीय संसदीय मामिला तथा अल्पसख्यक कार्य मन्त्री श्री किरण रिजिजुसित भेट गर्नुभयो। भेटघाटका बेला उहाँहरूले सिक्किमको विकास र प्रगतिसित सम्वन्धित मामिलाहरूबारे विचारविमर्श गर्नुभयो। मुख्यमन्त्रीले निरन्तर सहयोगका लागि केन्द्रीय मन्त्रीप्रति कृतज्ञता प्रकट गर्नुभयो। यस अवसरमा अन्य अधिकारीहरू बाहेक मन्त्रीहरू श्री पिन्छो नाम्गेल लेप्चा र श्री एन बी दाहाल उपस्थित हुनुहुन्थ्यो।

**PM SG**

पीएम सूर्यधर निशुल्क बिजुली योजनाले भोलि तेह फरवरीमा योजना शुरू भएको एक वर्ष पूरा गर्नेछ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा तेह फरवरी 2024 मा शुरू गरिएको यस योजनाको उदेश्य 2027 सालसम्ममा एक करोड़ घरका छानाहरूमा सौर प्यानलहरू जड़ान गरेर घरघरमा निशुल्क बिजुली उपलब्ध गराउनु रहेको छ। यस योजनाबाट  प्रति महीना घरेलु बिजुलीको बिल 2000 रू देखि 3000 रू सम्म कम्ती हुन सक्ने बताइएको छ एक वर्षको अवधिमा सिक्किम राज्यले पनि  घरका छानामा सौर ऊर्जा सम्वन्धी पहलहरूको विस्ता गर्ने दिशातर्फ सक्रिय रूपमा काम गरिरहेछ।  यसबारे बोल्दै हाम्रा सम्वाददाता डिल्लीराम दुलाल BYTE..

**BBBP**

बेटी बचाओ बेटी पढावो अभियानको दश पर्ष पूरा भएको अवसरमा सोरेङ जिल्लाको दरमदिन समष्टि अन्तर्गत सोरेङ जिल्लाको दरमदिन समष्टि अन्तर्गत थाम्बोङ ग्राम पञ्चाय इकाइमा आज सचेतना कार्यक्रम आयोजन गरियो। बाल विवाह र यसद्वारा क्षेत्रका महिला तथा बालबालिकाहरूमा पर्ने असरको जागरूकता ल्याउनु कार्यक्रमको उदेश्य थियो। यसमा बोल्दै चाइल्ड हेल्पलाइनकी कार्यक्रम समन्वयक श्रीमती देबोरा लेप्चाले बाल विवाह मुक्त भारत अभियान र बाल विवाह उन्मूलनको महत्वबारे प्रकाश पार्नुभयो। उहाँले किशोरीहरूमा बाल विवाहको असरबारे जानकारी दिनुभयो र भन्नुभयो यसद्वारा उनिहरूको स्वास्थ्य शिक्षा र सर्वाङ्गीण विकासमा बाधा पुग्न जान्छ। कार्यक्रममा जिल्ला मिशन समन्वयक सुश्री नूतन लेप्चाले महिला सशक्तिकरणका लागि जिल्ला केन्द्र र महिला तथा नानीहरूलाई सहयोग गर्ने दिशातर्फ यसका कार्यहरूबारे अवगत गराउनु भयो।

**AKRS**

अखिल किरात राई संघ सिक्किमले राज्यका छुटेका बाह जात गोस्ठीलाई जनजातिको मान्यता प्रदान गर्नमा मुख्यमन्त्री प्रेमसिंह तामाङले गर्नुभएको प्रयासका निम्ति उहाँप्रति कृतज्ञता प्रकट गरेको छ। आज जारी एउटा प्रेस विज्ञप्तीमा संघले यस्तो महत् कार्यलाई लक्ष्यसम्म पुर्याउन मुख्यमन्त्रीद्वारा निरन्तर मार्गदर्शनका लागि सम्पूर्ण बाह जात गोष्ठी कृतज्ञ रहेको कुरो बताएको छ र भनेको छ छुटेका जात गोष्ठीका प्रतिनिधिहरूको उपस्थितीमा गत दश फरवरीमा सिक्किम राज्य उच्च स्तरीय समितिको बैठक आयोजन जस्तो महत्वपूर्ण पहलद्वारा निश्चित रूपमा बाह जात गोष्ठीले विश्वास गर्न सकिन्छ।

**महाकुम्भ**

प्रयागराजको महाकुम्भमा आज माघ पूर्णिमाको अवसरमा आज दिउँसो बाह बजीसम्ममा एक करोड़ उन्साठी लाखभन्दा धेरै श्रध्यालुहरूले संगममा आस्थाको स्नान गरे। यो दिन गंगा यमुना र सरस्स्वतीको संगममा स्नान गर्नु शुभ मानिन्छ। यो कल्पवास गर्ने विशेष अनुष्ठानको अन्तको पनि प्रतीक हो। यो भव्य उत्सवमा दस लाखभन्दा अधिक कल्पवासी सामेल हुने आशा छ। अहिलेसम्म लगभग सैंतालिस करोड़ पचपन्न लाख श्रध्यालुहरूले स्नान गरिसकेका छन्। विश्वको वृहत धार्मिक आयोजन महाकुम्भ मेला तेहार जनवरीमा शुरू भएको हो। यसमा विश्वभरिका श्रध्यलुहरूले भाग लिइरहेछन्।

**WEATHER**

राज्यमा विगत केही दिनदेखि आकाशमा बादल छाएकाले र समय समयमा सिम्सिमे पानी परेकाले जाड़ोको प्रकोप बढ़ेको छ। स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान तेह दशमलउ दुई डिग्री सेल्सियस न्यूनतम तापमान आठ दसमलउ एक डिग्री सेल्सियस रेकार्ड गरियो भने 2 दशमलउ चार मिलिमिटर पानी पर्यो। विभागको पूर्वानुमान भोलि अधिकतम तापमान बाह डिग्री सेल्सियस र न्यूनतम तापमान सात डिग्री सेल्सियस रहनेछ।